# ६९ औं कार्यपालिका बैठक

आज मिति २०७७ साल आश्विन २९ गते बिहिवारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री वल वहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय वमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| २२ | श्री अम्वु अधिकारी | कार्यालय सहयोगी | |

**छलफल तथा प्रस्तावका विषयहरु**

१. कोभिड-१९ ले मृत्यु भएका नागरिकको शव व्यवस्थापनका लागि स्थान तोक्ने सम्बन्धमा ।

२. स्वास्थ्य चौकीहरुको विस्तृत परियोजना प्रतिवेदन तयारी सम्बन्धमा ।

३. स्वास्थ्य चौकीको लागि जग्गा पास गर्ने सम्बन्धमा ।

४. ढुंगा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन्का लागि जनशक्ति परिचालन सम्बन्धमा ।

५. कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने सम्वन्धमा ।

६. विविध ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

<u>निर्णयहरु</u>

**निर्णय नं. १**

गंगाजमुना गाउँपालिकाको देहायका वडाहरुमा स्वास्थ्य चौकीहरुको भवन निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन तयारी (Detail Project Report) गर्ने निर्णय गरियो।

**तपसिल:**

(क) वर्दन स्वास्थ्य चौकी, वडा नं. ३

(ख) बसेरी स्वास्थ्य चौकी, वडा नं. ६

**निर्णय नं. २**

गंगाजमुना गाउँपालिका वडा नं. ३ मा स्वास्थ्य चौकी भवन निर्माणको लागि सोही वडा निवासी (साविक गुम्दी गाविस वडा नं. २, वर्दन) श्री मान बहादुर गुरुङ (ना.प्र.प.नं. ११८२७) ले आफ्नो नाममा दर्ता कायम रहेको कित्ता नं. १४९, क्षेत्रफल २-४-०-२ मध्येको जग्गाबाट १ रोपनी जग्गा वर्दन स्वास्थ्य चौकीको नाममा निःशुल्क दिन राजी भएको हुँदा उक्त जग्गा स्वास्थ्य चौकीको नाममा पास गर्नका लागि मालपोत कार्यालय, धादिङलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (६) मा भएको व्यवस्था, वागमती प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट जारी गरिएको नदीजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा मिति २०७७/०४/०१ को ६६ औं कार्यपालिका बैठकको निर्णयानुसार गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने आन्तरिक आय तर्फ आँखु खोला र बुढी गण्डकीबाट ढुंगा, गिट्टी, बालुवाको राजश्व असुली सम्बन्धीको कार्य आ.व. २०७७/०७८ को लागि ठेक्काद्धारा गराउन पटक पटक गरी सूचना प्रकाशन गरिएकोमा कुनै पनि फर्म वा कम्पनीको वोलपत्र पेश हुन नआएकोले हाल आँखु खोलामा पानीको वहाव कम भएको र ढुंगा, गिट्टी, बालुवाको अवैध रुपमा हुनबाट रोकी गाउँपालिका आफैंले ठेक्का व्यवस्था नभएसम्मका लागि व्यक्तिसँग सम्झौता गरी खटाउने व्यवस्था गर्नु उपयुक्त देखिन्छ। तसर्थ नदीजन्य पदार्थको संकलन तथा निकासी वापत विभिन्न प्रकारका सवारीका साधनहरुको प्रकृति अनुसार देहायको राजस्व रकम (भ्याट सहित) संकलन गर्ने र त्यसरी ढुंगा, गिट्टी, बालुवाको संकलन तथा बिक्री गर्दा संकलन हुन आउने रकमको १५ (पन्ध्र) प्रतिशत रकम दोस्रो पक्ष वा संकलनकर्ता (जित बहादुर सिंखडा, <u>ना.प्र.प.नं. ४७७३-</u>

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

०४४/४५ र सेर बहादुर सुवेदी ना.प्र.प.नं.८८१९) लाई नियमानुसार भुक्तानी गर्ने र वडा नं. २ छुनुऊमा २ नं वडा कार्यालयमा कार्यरत कार्यालय सहायक **श्री इमानुयल लामा**लाई खटाई नदीजन्य पदार्थको संकलन गर्ने कार्यको अनुमोदन गर्ने निर्णय गरियो ।

**संकलन तथा निकासी शुल्क**

| क.सं. | विवरण | परिमाण घ.फि. | प्रदेश सरकारले निर्धारण गरेका संकलन तथा निकासी कर प्रति घ.फि. रु. | मू.अ.कर रु. | जम्मा कर प्रति घ.फि. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | ठूलो टिपर | ३०० | ९ | १।१७ | १०।१७ | ३०५१।- |
| २. | आइचर | १७५ | ९ | १।१७ | १०।१७ | १७७९।७५ |
| ३. | फोरह्विल (स्वराज) | १५० | ९ | १।१७ | १०।१७ | १५२५।५० |
| ४. | निसान | १२५ | ९ | १।१७ | १०।१७ | १२७१।२५ |
| ५. | ट्र्याक्टर | ७५ | ९ | १।१७ | १०।१७ | ७६२।७५ |

**निर्णय नं. ४**

यस गाउँपालिकाको विद्यान समितिबाट पेश हुन आएका देहायका कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

**देहायः**

(क) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धी कार्यविधि, २०७७

(ख) ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि निःशुल्क हवाई उद्धार सम्बन्धी निर्देशिका, २०७७

(ग) संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७

(घ) आन्तरिक व्यवस्थापन नियन्त्रण कार्यप्रणाली सम्बन्धी निर्देशिका, २०७७

(ङ) सेवा करारमा गाउँ प्रहरी (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७७

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

**विविध**

(क) सम्वत् २०७७ सालको वडा दशैं, दिपावली तथा छठको पावन अवसरमा गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारीहरु एवं गाउँपालिकावासीहरुमा सुस्वास्थ्य, उत्तरोत्तर प्रगति, सुशान्तिको कामना गर्ने निर्णय गरियो ।

(ख) आ.व. ०७६/०७७ मा प्रदेश सभा क्षेत्र नं. २ अन्तर्गत प्रदेश सांसद विकास कोष मार्फत ताजिम्राङ किचेत मोटरबाटो नयाँ ट्रयाक शीर्षकमा रु ५० लाख विनियोजन भै वोलपत्र (ठेक्का नं.GRM/DHADING/27/076-077) आव्हान गरी कार्यान्वयन गर्दा कोभिड-१९ को कारणले उक्त योजना समय मै सम्पन्न गर्न नसकिएकोले गर्दा त्यस योजनाको ठेक्का स्वीकृत रकम रु २३,६९,६१७/- (अक्षरमा तेइस लाख उनान्सत्तरी हजार छसय सत्र मात्र) सम्वन्धित सांसदसँग माग गरिएको छ तर माग बमोजिम उल्लेखित शीर्षकमा वजेट व्यवस्था नभएको खण्डमा गाउँपालिकाले आगामी हिउँदे अधिबेशनमा वजेट व्यवस्था गर्ने गरी ठेक्दार कम्पनी वान्जु कन्स्ट्रक्सनलाई कार्य गर्न आदेश दिने निर्णय गरियो ।

(ग) आ.व. ०७७/०७८ मा प्रतिनिधि सभा क्षेत्र नं. २ अन्तर्गत संघीय सांसद विकास कोष मार्फत गिद्धेडाँडा अंधेरीखोला महालक्ष्मी सडक निर्माणका लागि रु ५० लाख बजेट विनियोजन भै वोलपत्र (ठेक्का नं.GRM/DHADING/24/076-077) आव्हान गरेकोमा कोभिड-१९ को कारणले गर्दा उक्त योजना समयमै सम्पन्न गर्न नसकेकोले सम्बन्धित सांसदसँग समन्वय गरी त्यस योजनाको रकम रु ५० लाख गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेको हुँदा उक्त ठेक्का सम्झौता फर्म श्री आ.र.डि.एस. निर्माण सेवाले कार्य सम्पन्न गरे पश्चात सो योजनाको ठेक्का स्वीकृत रकम रु ३०,०८,९४०/- (अक्षरमा तीस लाख आठ हजार नौसय चालिस रुपैया मात्र) सोही कोषबाट वा नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो ।

(घ) नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा भत्ता वितरणको कार्य बैंक मार्फत गर्नका लागि वाँकी वडाहरु क्रमशः वडा नं. १ र २ मा दोस्रो चौमासिकबाट नेपाल एस.वि.आई. बैंक, गंगाजमुना शाखामा लाभग्राहीहरुको खाता खोली भत्ता वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

(ङ) रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को परिच्छेद-४ को नियम १४ (१) मा नागरिकको रोजगारीको हक संरक्षण सम्वन्धी कामको लागि एक निर्देशक समिति रहने व्यवस्था भए बमोजिम देहायका पदाधिकारीहरु रहने गरी एक <u>गाउँपालिका निर्देशक समिति</u> गठन गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

| | |
|---|---|
| (क) श्री बल बहादुर अधिकारी, गंगाजमुना गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) श्री एन्जिला तामाङ, गंगाजमुना गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) श्री विनोद रोका, प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) श्री हरिमान श्रेष्ठ, ४ नं. वडा अध्यक्ष | सदस्य |
| (ङ) श्री भक्त बहादुर लामिछाने, ६ नं. वडा अध्यक्ष | सदस्य |
| (च) श्री प्रमिता भट्ट, रोजगार संयोजक | सदस्य सचिव |

(च) आ.व. ०७४/०७५ मा नेपाल पर्यटन वोर्डबाट बगुवा कात्तिके मन्टारी स्काई ट्रेलको लागि रु ४० लाख बजेट विनियोजन गरेकोमा लागत स्टीमेट बमोजिम कार्यसम्पन्न भै रु २० लाख भुक्तानी हुन बाँकी रहेकोमा सो को आवश्यक कागजात नेपाल पर्यटन वोर्डमा पेश गरिएको र दोस्रो चौमासिकमा भुक्तानी हुने भनी बजेट विनियोजन गरेको देखिएकोमा नियमानुसार बोर्डवाट आ.व. ०७७/०७८ को दोस्रो चौमासिकमा पनि भुक्तानी नभएको खण्डमा गाउँपालिकाले बजेट व्यवस्थापन गरी भुक्तानी गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फुलखर्क, धादिङ
बाग्मती प्रदेश, नेपाल

Scanned with CamScanner

(छ) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ घ (६) मा भएको व्यवस्था बमोजिम यस गंगाजमुना गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने आँखुखोला र बुढीगण्डकी क्षेत्रवाट नदीजन्य पदार्थको संकलन तथा उत्खनन् कार्यका लागि गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा (४) बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environment Examination) स्वीकृत गर्ने निर्णय गरियो ।

गंगाजमुना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय फुलखर्क, धादिङ बागमती प्रदेश नेपाल

बल बहादुर अधिकारी
अध्यक्ष

Scanned with CamScanner

Scanned with CamScanner